नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
२०६४

<u>वैदेशिक रोजगार बोर्डको मिति २०८०/१०/२३ गते बसेको ८१ औं बैठकका प्रस्ताव एवं निर्णयहरु</u>

<u>प्रस्तावहरु:</u>

१. अघिल्लो बैठकका निर्णयहरु समीक्षा सम्बन्धमा,

२. वैदेशिक रोजगार बोर्डबाट उपलब्ध हुने सुविधा हेरफेर एवं वैदेशिक रोजगार नियमावली, २०६४ मा संशोधनका लागि सिफारिस,

३. कार्यविधि तर्जुमा सम्बन्धमा, (पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन, वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूको स्वास्थ्य परीक्षण/Health Screening गर्ने कार्यक्रम, मनोसामाजिक परामर्श सेवा सञ्चालन स्वदेश/विदेश),

४. विभिन्न देशका कूटनीतिक नियोगमा व्यवस्थापनका लागि सामग्री सहयोग,

५. विभिन्न नियोगहरुमा स्थानीय कर्मचारी राख्ने तथा कानून व्यवसायीको सेवा लिने,

६. बोर्डको चालु आर्थिक वर्षका विभिन्न योजना तथा कार्यक्रम संशोधन,

७. युएईको दुबईमा जब फेयर/मेला सञ्चालन सम्बन्धमा,

८. स्वदेशको मेला/उत्सवमा बोर्डको स्टल राखी प्रचार प्रसार (Ethical Recruitment समेत) गर्न सहकार्य गर्ने, रोजगार माइग्रेशन तथा रेमिट समिटमा सहकार्य गर्ने,

९. करारमा कार्यरत कर्मचारीहरुको म्याद निरन्तरता सम्बन्धमा,

१०. विविध विषयहरु।

<u>निर्णयहरु:</u>

१. क) वैदेशिक रोजगार बोर्डका यस अघिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा छलफल गरियो। कार्यान्वयन भइरहेका एवं कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र सम्पन्न गर्न सचिवालयलाई निर्देशन दिने।

ख) बोर्डको ८० औं बैठकबाट "वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न श्रम गन्तव्य मुलुकमा जाने श्रमिकहरुको हितमा हुने कल्याणकारी कार्यका निम्ति उक्त मुलुकहरुमा विभिन्न सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रहरुसँग बोर्डलाई थप आर्थिक दायित्व नपर्ने गरी द्विपक्षीय समझदारी/सम्झौता गर्न वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशकलाई अख्तियारी दिने" भनी निर्णय भएकोमा यस अनुसार ६ डिसेम्बर,२०२३ मा मलेसियाको Foreign Workers Welfare Management Centre Sdn. bhd. (FWWMC) सँग मलेसियामा रहेका नेपाली कामदारहरुको कल्याणकारी कार्य गर्नको लागि गरिएको सम्झौता सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको "हालै वैदेशिक रोजगार बोर्ड र मलेसियाको फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टरबीच वैदेशिक रोजगारका विषयमा भएको भनिएको सम्झौता हाललाई कार्यान्वयन नगर्ने र यसका प्रभाव

...का उप्रेती

...शरत सिंह भण्डारी
मन्त्री

सम्बन्धमा सरोकारवालाहरुसँग पुनः छलफल गरी जानकारी गराउनुहोला" भनी निर्देशन समेत भएकोले यसै अनुसार उक्त सम्झौता कार्यान्वयन नगर्ने।

ग) नेपाल सरकारको मिति २०७८/०९/१२ को निर्णयानुसार यस बोर्डमा प्रतिनिधित्व गर्नुहुने देहायका सदस्यहरुको दुई वर्ष पदावधि २०८०/०९/११ देखिसमाप्त भएको हुँदा निजहरुलाई बोर्डमा पुर्‍याउनु भएको योगदानको कदर गर्दै नेपाल सरकार एवं बोर्डको तर्फबाट धन्यवाद ज्ञापन गर्ने।

क) श्री पूर्णबहादुर मल्ल
ख) श्री कल्पना पाण्डे न्यौपाने
ग) श्री योगेन्द्र बहादुर राई
घ) श्री राधिका कटुवाल
ङ) डा. श्री मिलन प्रकाश श्रेष्ठ

२. वैदेशिक रोजगार बोर्डको मिति २०८० श्रावण २१ गतेको निर्णयानुसार वैदेशिक रोजगारीमा गएका कामदारहरुलाई ऐन तथा नियमावली बमोजिम दिइने आर्थिक सहायताको रकम तथा वैदेशिक रोजगारीमा जानुअघि कामदारले कल्याणकारी कोषमा जम्मा गर्ने रकमलाई समयानुकूल परिमार्जन गर्न बोर्डमार्फत नेपाल सरकारलाई सिफारिस गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवको संयोजकत्वमा सुझाव समिति गठन गरिएकोमा सो समितिले मिति २०८०/१०/१८ मा पेश गरेको प्रतिवेदन ग्रहण गर्ने। सो प्रतिवेदन कार्यान्वयनका लागि एवं केही प्रावधानहरु समेत समयानुकूल परिमार्जन गर्नुपर्ने भएकोले वैदेशिक रोजगार नियमावली, २०६४ मा संशोधन गर्नुपर्नेको हकमा मन्त्रालय मार्फत नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

३. बोर्डका चालु आर्थिक वर्षको लागि विभिन्न कार्यक्रमहरु संचालनका लागि विभिन्न कार्यविधि तर्जुमा गर्नुपर्ने भनी बैठकमा पेश भएका "वैदेशिक रोजगारीमा गएका परिवारका सन्ततिका लागि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि", "वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूको स्वास्थ्य परीक्षण सम्बन्धी कार्यविधि", "मनोसामाजिक परामर्श सेवा सञ्चालन" गरी ३ वटा कार्यविधिको मस्यौदा उपर छलफल गरी राय सहित स्वीकृतिका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सिफारिस गर्न तपसिल बमोजिमको सुझाव समिति गठन गर्ने।

<u>तपसिलः</u>

संयोजकः श्री राजीव पोखरेल, सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सदस्यः श्री राजेन्द्र भण्डारी, अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सदस्यः श्री तेजेन्द्रजंग कार्की, नेपाल ट्रेड युनियन कांग्रेस

...िका उप्रेती

...सिंह भण्डारी

सदस्यः श्री बोर्ड सदस्य, नेपाल सरकारद्वारा मनोनित चिकित्सक
सदस्य सचिवः टिकाराम ढकाल, निर्देशक, वैदेशिक रोजगार बोर्डको सचिवालय

४. वैदेशिक रोजगार बोर्डको कार्य सञ्चालन निर्देशिका, २०६८ को दफा १८ मा भएको व्यवस्था बमोजिम बोर्डको चालु आर्थिक वर्षको लागि तपसिल बमोजिमको रकम रकमान्तर (घटाउने/थप्ने) गर्ने।

| शीर्षक | सुरु विनियोजित रकम | घटाउने रकम | शीर्षक | सुरु विनियोजित रकम | थप गर्ने रकम |
|---|---|---|---|---|---|
| श्रम कल सेन्टर सञ्चालन | १,००,००,०००।- | ४०,००,०००।- | विभिन्न देशका कूटनीतिक नियोगमा व्यवस्थापनका लागि सामग्री सहयोग | ३५,००,०००।- | ७०,००,०००।- |
| टेलीमेडिसिन सेवाको सञ्चालन एवं व्यवस्थापन | ६०,००,०००।- | ३०,००,०००।- | | | |

(ख) विदेशस्थित विभिन्न कूटनीतिक नियोगहरुबाट व्यवस्थापकीय खर्चको लागि माग भई आएकोले माथि निर्णय नं. (क) को शीर्षकबाट नियमानुसार खर्च एवं भुक्तानी गर्ने गरी देहाय बमोजिमका शीर्षकमा देहाय बमोजिमको रकम उपलब्ध गराउने।

| सि.नं. | माग गर्ने नियोगको नाम | माग गरेको शीर्षक | माग रकम (नेपाली रुपैयाँमा) | उपलब्ध गराउने रकम |
|---|---|---|---|---|
| १. | नेपाली राजदूतावास, अबुधाबी | सवारी साधन मर्मत | १२ लाख | १२ लाख |
| २. | नेपाली राजदूतावास, ओमान | सवारी साधन खरिद | ६२ लाख | आगामी बैठकमा छलफल गर्ने |
| ३. | नेपाली राजदूतावास, रियाद | सवारी साधन मर्मत, खरिद, | ९३ लाख ५६ हजार | १२ लाख (मर्मत मात्र) |
| ४. | नेपाली राजदूतावास, टोकियो | ल्याप्टप, डेस्कटप, सवारी साधन मर्मत, इन्धन | ९ लाख ९९ हजार | ५ लाख |

५. बोर्डको चालु आर्थिक वर्षको कार्यक्रममा नेपाली दूतावासहरुमा श्रमसँग सम्वन्धित जनसम्पर्क सहायक कर्मचारी व्यवस्थापन कार्यान्वयनका लागि चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको

शरत सिंह भण्डारी

अनुसूचि-१ बमोजिमको बजेट शीर्षकबाट प्रचलित कानुन बमोजिम खर्च गर्ने गरी चालु आर्थिक वर्षको लागि देहाय बमोजिमका नियोगहरुमा निम्नानुसार हुने गरी कर्मचारी व्यवस्थापन गर्नेः

क) नेपाली राजदूतावास, रियाद साउदी अरवको लागि यस अघिको निर्णयानुसार स्वीकृत गरिएको स्थानीय जनसम्पर्क कर्मचारी (PRO) संख्या ४ मध्ये सो संख्या ३ कायम गरी सो नियोगमा मासिक नेपाली रुपैयाँ ३ लाखमा नबढ्ने गरी प्रचलित कानूनी प्रक्रिया पूरा गरी सम्बन्धित नियोगले एकजना कानूनी सल्लाहकार/अधिवक्ता नियुक्ति गरी श्रमिकको हकहितमा कानुनी सहायता प्रदान हुने व्यवस्था मिलाउने।

ख) नेपाली राजदूतावास, दक्षिण कोरियाको लागि यस अघि नै जनसम्पर्क सहायक कर्मचारी नियुक्त गर्नेगरी निर्णय गरिएकोमा उक्त देशमा साविक विनियोजित रकमले नपुग हुने भएको भनी नेपाली राजदूतावास, सियोलबाट माग भई आएकोले प्रचलित कानून बमोजिम नियुक्त गरी काममा लगाउने गरी मासिक पारिश्रमिक २ लाख ५० हजार नेपाली रुपैयाँमा नबढ्ने गरी करारमा लगाउने गरी रकम उपलब्ध गराउने।

ग) नेपाली राजदूतावास अबुधावीमा यस अघिको निर्णयानुसार जनसम्पर्क सहायक कर्मचारी २ जना करारमा लिने निर्णय भएकोमा तहाँबाट माग भई आए अनुसार १ जना स्थानीय कर्मचारी र १ जना हलुका सवारी चालक कायम गरी प्रचलित कानुन बमोजिम करारमा नियुक्ति गरी काममा लगाउन स्वीकृति दिने।

घ) नेपाली राजदूतावास, स्पेनमा त्यस निकायको लागि आवश्यक पर्ने जनसम्पर्क सहायक कर्मचारी नियुक्त गर्ने यस अघि बोर्ड बैठकको निर्णय भएको र उक्त कर्मचारीको सेवा सुविधा एकीन नभएकोले मासिक २३००।- अमेरिकी डलर आवश्यक पर्ने भनी उक्त राजदूतावासबाट पत्राचार भएको हुँदा सो नियोगमा जनसम्पर्क सहायक कर्मचारी व्यवस्थापनको लागि मासिक अमेरिकी डलर २१००।- (मासिक नेपाली रुपैयाँ २,८२,०००।-) का दरले उपलब्ध गराउने।

६. (क) बोर्डको चालु आर्थिक वर्ष २०८०/८१ को स्वीकृत कार्यक्रमहरुमध्ये वैदेशिक रोजगार बोर्डको कार्यसञ्चालन निर्देशिका, २०६८ बमोजिम देहाय बमोजिम हुने गरी कार्यक्रम संशोधन गर्ने।

| साविक कार्यक्रम | संशोधन हुनुपर्ने | विनियोजित बजेट रु. | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| PDOT मोबाइलको एप निर्माण (बजेट क्र.सं. ४.४) | "वैदेशिक रोजगारी" मोबाइल एपको स्तरोन्नती (Reengineering) | २०,००,००।- | साविकमा तयार भएको एपलाई नै प्रयोग गर्न |
| वै.रो. बाट फर्केका व्यक्तिहरुलाई उद्यमशिलता विकास गर्न सीप विकास तालिम संचालन (३००० जना) | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई उद्यमशिलता विकास गर्न सीप विकास तालिम संचालन (५००० जना) | १०,००,००,०००।- | मन्त्रालयको माइलस्टोनको बुँदा नं. २७ मा ५००० संख्या उल्लेख भएकोले |

सिंह भण्डारी

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
२०६४

७. चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम सि.नं. ८.६ मा वैदेशिक रोजगार व्यवसायीहरू तथा श्रम संङ्गठनहरूको सहकार्यमा वैदेशिक रोजगार मेला/प्रदर्शनी (स्वदेश/विदेश) कार्यक्रम रहेको र नेपाली राजदूतावास, अबुधाबीबाट आगामी फेब्रुअरीमा यूएइमा हुने अबुधाबी डाइलगको अघिपछि हुने गरी दुबई सहरमा जब फेयर/मेला आयोजना गर्न अनुरोध भएको हुँदा अबुधाबी डाइलगको अघिपछि लगत्तै कार्यक्रम गर्न तयारी समय नपुग हुने हुँदा मन्त्रालय एवं नेपालको तर्फबाट जब फेयरमा सहभागी हुने पदाधिकारीले उक्त देशमा अध्ययन/अवलोकन गरी जब फेयर सञ्चालनको प्रारम्भिक जानकारी लिने। साथै आगामी २०२४ मार्च महिनाको पहिलो हप्ता युनाइटेड स्टेट इमिरेट्सको दुबई सहरमा बोर्डको सम्बन्धित शीर्षकबाट प्रचलित कानुन बमोजिम हल एवं स्टल भाडा र सरकारी अधिकारीहरुको भ्रमण खर्च समेत गरी अधिकतम् रु. ४० लाखको सीमाभित्र रही खर्च गर्ने गरी जब फेयर आयोजना गर्ने। आवश्यकता अनुसार बोर्ड सदस्यहरु एवं सम्बन्धित निकायहरुसँग समेत राय सल्लाह लिई कार्यक्रमको विस्तृत कार्ययोजना तयार गरी सचिवालयले मन्त्रालयमा पेश गर्ने ।

८. बोर्ड सचिवालयको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमको क्र.सं. ८.६ मा वैदेशिक रोजगार व्यवसायीहरू तथा श्रम संगठनहरूको सहकार्यमा वैदेशिक रोजगार मेला/प्रदर्शनी (स्वदेश/विदेश) शीर्षकबाट खर्च हुने गरी देहायका कार्यक्रम देहायको बजेट सीमाभित्र रही प्रचलित कानुन बमोजिम प्रक्रिया पूरा गरी भुक्तानी गर्न सचिवालयलाई स्वीकृति दिने।

क) मधेस प्रदेशको राजधानी जनकपुरधाम, तिरहुतिया गाछीमा मिति २०८० कार्तिक १७ गते सञ्चालित भूमि लोक महोत्सवमा बोर्डको सूचना डेस्क राखी सिल्भर प्याकेजको प्रायोजन गरिएकोमा यसमा सहकार्य बापत रु. ५ लाखको सीमाभित्र रही सहकार्य गर्ने।

ख) कर्णाली प्रदेशको राजधानी सुर्खेतमा २०८० फागुन ५,६ र ७ गते आयोजना हुने कर्णाली उत्सवको पाँचौ संस्करणमा बोर्डको स्टल राख्ने र सत्र सञ्चालन गर्ने कार्यको लागि एवं वैदेशिक रोजगार व्यवसायीहरुको उपस्थितिमा नैतिक भर्ना (Ethical Recruitment) समेतको कार्य गर्न मन्च उपलब्ध गराएबापत रु. ५ लाख रुपैयाँको सीमाभित्र रही सहकार्य गर्ने। सो कार्यक्रममा वैदेशिक रोजगार व्यवसायीहरुले स्टल राखी नैतिक भर्ना (Ethical Recruitment) समेत गर्न अनुरोध गर्ने।

ग) गण्डकी प्रदेशको राजधानी पोखरामा मिति २०८० असोज १ देखि ३ सम्म आयोजित लामाचौर तिज महोत्सवमा श्रम, रोजागर तथा समाजिक सुरक्षा मत्रालय एवं वैदेशिक रोजगार बोर्ड सम्बन्धी गीति नाटक एवं प्रचार प्रसार गरेबापत बोर्डबाट उक्त कार्यक्रममा सहकार्यबापत रु. ५ लाखको सीमाभित्र रही सहकार्य गर्ने।

घ) कान्तिपुर मिडिया ग्रुपले यहि मिति २०८० माघ २५ गते काठमाडौमा आयोजना गर्ने माइग्रेशन तथा रेमिट समिटमा वैदेशिक रोजगारीका विविध विषयहरु सहितको सूचना तथा जानकारी

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

मा. शरत सिंह भण्डारी
मन्त्री

समावेश गर्न एवं कान्तिपुर मेडिया ग्रुपका विभिन्न सञ्चार माध्यमबाट मन्त्रालय एवं बोर्डका गतिविधि प्रकाशन प्रशारण गरेबापत रु. ५ लाखको सीमाभित्र रही सहकार्य गर्ने।

९. वैदेशिक रोजगार बोर्ड सचिवालयमा साविकका वर्षहरुदेखि करारमा कार्यरत विभिन्न १७ जना कर्मचारीहरुको करार अवधि समाप्त भएको, नयाँ करार वा म्याद थप गर्न सचिवालयमा स्वीकृत दरबन्दी नरहेको एवं हाल कार्यरत जनशक्ति सचिवालयमा सेवा प्रवाहमा आवश्यक रहेको हुँदा संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) गरी दरबन्दी थप गरिदिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा अनुरोध गर्ने। उक्त पदहरुमध्ये हाल अत्यावश्यक पर्ने जनशक्ति व्यवस्थापन सार्वजनिक खरिद ऐन, २०६४ एवं नियमावली बमोजिम सेवा करार मार्फत जनशक्ति व्यवस्थापन गर्ने।

१०. बोर्ड बैठकबाट हुने निर्णयको मस्यौदा तत्काल तयार गरी सबै सदस्यहरुलाई विद्युतीय माध्यमबाट उपलब्ध गराउने। निर्णय प्रमाणीकरण पश्चात सचिवालयको वेब साईटमार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउने। बोर्ड बैठकमा एजेण्डाहरु धेरै भई घनीभूत रुपमा छलफल गर्न पर्याप्त समय नहुने देखिएकोले आगामी दिनमा थोरै एजेण्डा राखी मासिक रुपमा बस्ने ब्यवस्था मिलाउने।

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

मा. शरत सिंह भण्डारी
मन्त्री